मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन नं. 033-520605
Mob. 9852880500/9852880501

प.सं. २०८१/८२
च.नं. ६४

मितिः २०८१/०६/२१

विषयः सूचना टाँस गरि दिने सम्वन्धमा ।

श्री प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जनकपुरधाम, धनुषा ।
श्री कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,सिरहा ।
श्री स्थानीय तह सबै, सिरहा ।
श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
परियोजना कार्यान्वयन इकाई, धनगढी, जिरोमाइल, सिरहा ।
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिरहा ।
श्री प्रदेश लेखा इकाई कार्यालय, लहान, सिरहा ।

उपरोक्त सम्वन्धमा यस कार्यालयको स्वीकृत वार्षिक अनुसार व्यवसायिक तरकारी खेती प्रवर्द्धन र सिरहा जिल्लाको उत्तरतर्फ ओल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हानको सूचना यसै पत्र साँथ संलग्न राखी पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गराई सोको जानकारी यस कार्यालयमा पठाई सहयोग गरि दिन हुन अनुरोध छ ।

नरेन्द्र कुमार महासेठ
प्रमुख

नरेन्द्र कुमार महासेठ
प्रमुख
अधिकृत

सिरहा नगरपालिका
दर्ता नं. २९४
मिति २०८१/०६/२२

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

प.सं.२०८१/८२
च.नं.

व्यवसायिक तरकारी खेती प्रवर्द्धन र सिरहा जिल्लाको उत्तरतर्फ ओल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम संचालनका लागि प्रस्ताव आवह्यानको सूचना ।

प्रथम पटक प्रकाशन मितिः- २०८१।०६।२१ गते

यस कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार व्यवसायिक तरकारी खेती प्रवर्द्धन र सिरहा जिल्लाको उत्तरतर्फ ओल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम संचालन गर्न कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी संस्था हरुले माग गरिएको कागजातहरु सहित प्रथम पटक प्रकाशित मितिले २३ औं दिन भित्र (मिति २०८१/०७/१३ गते सम्म) कार्यालय समय भित्र तोकिएको ढाँचामा तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित्त नपुगेका र म्याद नाधी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको वेवसाईट www.akcsiraha.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

| सि.न. | कार्यक्रमको नाम | मापदण्ड कृषकको हकमा | मापदण्ड कृषक समुह/कृषि सहकारीको हकमा |
|---|---|---|---|
| १ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | न्यूनतम १० कट्ठा क्षेत्रफलमा व्यवसायिक रुपमा तरकारी खेती गर्न इच्छुक । | न्यूनतम ३ बिग्हा क्षेत्रफलमा व्यवसायिक रुपमा तरकारी खेती गर्न इच्छुक । |
| २ | सिरहा जिल्लाको उत्तरतर्फ ओल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम | कम्तिमा १० कट्ठा क्षेत्रफलमा ओल तथा तरकारी वाली खेती गर्न इच्छुक कृषक । | - |

आवश्यक कागजपत्रहरु:

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु.१० को टिकट टाँस गरी आवेदन दिनु पर्नेछ ।
२. कृषक/कृषक समूह/कृषि सहकारी संस्थाहरुले मापदणड अनुसार जग्गाको लालपुर्जा र मालपोत तिरेको रसिदको प्रतिलीपी तथा लिजमा लिएको जग्गाको जग्गा धनि पूर्जा, मालपोत तिरेको रसिद र करारनामा/मन्जुरनामा पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्ने ।
३. सम्वन्धित वडा कार्यालय वा स्थानिय तहमा रहेको कृषि बिकास शाखाको सिफारीश पत्र ।
४. कृषकको हकमा नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र कृषि सहकारी संस्थाको हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिक्ताको प्रतिलिपी।
५. आवेदक कृषक समूह/कृषि सहकारी संस्थाहरुको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण, र २०८०/०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
६. कृषक समूह/कृषि सहकारी संस्थाको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारिणी समितिको निर्णयको स्वंयम प्रमाणित प्रतिलिपी।
७. कृषक समूह/कृषि सहकारी संस्थाहरुको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी पत्र ।

अनुदानका शर्तहरु: -

अ) व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रमको लागिः

१. कृषक समूह/कृषि सहकारीको हकमा तल उल्लेखित अनुदान लक्षित कार्यक्रम वर्गिकरण "क", "ख" र "ग" तिनटैमा तथा कृषकको हकमा "क" मा मात्र आवेदन दिन सक्ने छन्।

नरेन्द्र कुमार महासेठ

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

प.सं.२०८१/८२
च.नं.

क. उत्पादन तथा उत्पादक्तव वृद्धि कार्यक्रम अन्तर्गत व्यावसायिक तरकारी उत्पादन गर्ने कृषकले बेमौसमि तरकारी खेति गर्न चाहेमा वा गरिरहेकोमा ग्रिन हाउस/नेट हाउस, थोपा सिंचाई, लाष्टिक घर लगायतका पूर्वाधारहरु, कृषि उत्पादन सामाग्रीहरु, बेर्ना, प्राङ्गारिक मल, कृषि चुन लगायत अन्य उत्पादन समाग्रि, औजार तथा यन्त्र उपकरणहरु, साना सिंचाई व्यवस्थापन तथा तालीम।

ख. उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रमहरु अन्तर्गत हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेभलिङ्ग, प्रशोधन लगायतका उत्पादनोपरान्त प्रविधि तथा पूर्वाधार निर्माण ।

ग. बजार प्रवर्द्धन कार्यक्रम अन्तर्गत ढुवानीको साधन, संकलन केन्द्र/भण्डारण केन्द्र, कोल्ड च्यामवर निर्माण, डिजिटल ब्यालेन्स, डिजिटल मार्केटिङ्ग, सफ्टवेयर ।

आ) सिरहा जिल्लाको उत्तरतर्फ ओल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रमको लागि:

क. उत्पादन तथा उत्पादक्तव वृद्धि कार्यक्रम अन्तर्गत उन्नत वीउ, प्राङ्गारिक मल, कृषि चुन लगायत अन्य, औजार तथा यन्त्र उपकरणहरु, साना सिंचाई व्यवस्थापन र तालिम माव निवेदन दिन सक्ने छन् ।

२. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट बिगत २ वर्षमा अनुदान नलिएको/झुटा बिवरण पेश नगरेको/कुनै बेरुजु वा अनियमिततामा नपरेको/कार्यालयमा खराव आचरण प्रस्तुत नगरेको स्व-घोषणा पत्र ।

३. गत बिगत बर्षहरुमा अनुदान नलिएको तथा उन्नत प्रविधि अवलम्वन गरेको, बढी लागत सहभागिता भएको कृषक/कृषक समूह/कृषि सहकारी संस्थाहरुलाई प्राथमिक्ता दिईनेछ ।

४. यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।

५. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए बमोजिम कायम हुनेछ।

६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

७. बिशेष जानकारीको लागि मो.न. ९८५२८८०५०१, ९८५२८५०६०५ र मो.न.९८५२८८०५०५ मा सम्पर्क गर्न सकिन्छ।

..................
कृषि ज्ञान केन्द्र, सिरहा

नरेन्द्र कुमार महासेठ
प्रमुख
दशौं तह